**सहयोगी कर्मचारी श्री ओम प्रकाश पाण्डे ना.सु. शितगंगा नगरपालिका**

**मिति २०७९/११/३० गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. नगर सभा सम्बन्धमा ।
२. आन्तरिक आय व्यवस्थापन सम्बन्धमा ।
३. नगरपालिकाको लेख्ने नाममा एकरुपता सम्बन्धमा ।
४. शितगंगा नगरपालिकाको लोगो सम्बन्धमा ।
५. विपद कोषमा रकम व्यवस्थापन सम्बन्धमा ।
६. भवानी फर्मलाई अनुदान दिने सम्बन्धमा ।
७. योजना संसोधन सम्बन्धमा ।
८. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा
९. विद्यालयलाई सम्बन्धन दिने सम्बन्धमा ।
१०. रकम विनियोजन सम्बन्धमा ।
११. पावरा पिपरा सडकमा पर्ने रुखहटाउन पहल गर्ने सम्बन्धमा ।
१२. मृतकलाई क्षतिपूर्ति सम्बन्धमा ।

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको मिति २०७९ चैत्र १ गते हुने १२ औं नगरसभा हाल सम्म विनियोजन भएका तथा संसोधन भएका योजनाहरु अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा जनताको तट्बन्धन कार्यालय लमहीको च.नं. २२६ मिति २०७९/१०/१२ गतेको पत्रबाट गढवा गा.पा.र लमही न.पा.का विभिन्न वडामा तट्वन्धन गर्ने कार्यको लागि यस न.पा.को रङ्गसिङ्ग खोलाबाट निर्माण व्यवसायी श्री कालिका कन्स्ट्रक्सन प्रा.लि.लाई नियमानुसारको रोयल्टी लिई १५००० घन मिटर ढुङ्गा उपलब्ध गराउन भनि पत्र प्राप्त भएको । त्यसै गरी सडक डिभिजन कार्यालय शिवपुरको च.नं. ४९१ मिति २०७९/११/२६ गतेको पत्रबाट पावरा पिपरा चाकलचौडा सडक कालोपत्रे सम्मको कार्यको लागि नदिजन्य पदार्थ निर्माण व्यवसायी ए.इ.वि.सि/अमर जे.भी सन्धिखर्कलाई राजश्व लिई ८००० घन मिटर उपलब्ध गराउन भनि पत्र प्राप्त भएको ।

सोही सन्दर्भमा चालु आ.व.मा यस नगरपालिकाको क्षेत्र भित्र पर्ने नदी खोलाहरुबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट उत्खनन् संकलन विकी गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण भई जिल्ला अनुगमन समितिबाट अनुगमन गराई राष्ट्रपति चुरे तराइ मधेश संरक्षण विकास समितिबाट सहमती प्राप्त भएको अवस्था छ । सो विषयमा आजको बैठकमा पेश भएका कागाजतहरु अध्ययन तथा छलफल भई भयो । ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विकी तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ बमोजिम औचित्यता हेरी तोकिएको राजश्व प्रतिक्यू फिट रु ८ का दरले (मुअकर र अग्रीम आयकर वाहेक) रकम लिई निजहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

तपशिल

**प्राथमिकता प्राप्त आयोजनाहरु तर्फ**

१. रङ्गसिङ्ग खोलाबाट :- रागाकाटे देखि केरावारी सम्मको क्षेत्र र बेल दमार पुच्छार देखि खारघाट गाउँको पुच्छार सम्मको क्षेत्रको १८३४८ घ.मी.बाट १५००० घ.मी गढवा गाउँपालिका वडा नं. २, ३, ५, ७ र लमही नगरपालिका वडा नं. ४ र ६ मा तट्बन्धन निर्माणको लागि निर्माण व्यवसायी श्री कालिका कन्स्ट्रक्सन प्रा.लि लाई उपलब्ध गराउने ।

२. बाणगंगा खोलाबाट :- जरिकुना क्षेत्रको ९९०० घ.मी. बाट ८००० घ.मी पावरा पिपरा चाकलचौडा सडक कालोपत्रे सम्मको कार्यको लागि निर्माण व्यवसायी श्री ए.इ.बि.सि./अम्मर जेभी सन्धिखर्क लाई दिने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको नाम मोटो “श" र पातलो “स" लेख्दा सोही बमोजिम अग्रेजीमा समेत स्पेलिङ्ग फरक परेको कारण विभिन्न कठिनाईहरु आएकोले अवदेखि नगरपालिका र मातहतका निकायहरु सवैले नेपालीमा शितगंगा र अग्रेजिमा Shitaganga लेखी एकरुपता कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाको हाल सम्म आफ्नो छुट्टै लोगो नभएको अवस्थामा हाल शिनपा ३ निवासी अरुण अधिकारीले तयार गरेको “सिरमा मन्दिर, विचमा शितगंगाको नक्शा, तल्लो भागमा डमरुदह, एकसाईड सराय नाच, अर्को साइडमा धानको बाला रहेको र बाहिरी भागमा १४ वडालाई प्रतिविम्बित गर्ने गरी १४ वटा लालिगुरास" रहेको तपशिल बमोजिमको लोगो स्वीकृत गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा विपद् कोषमा रकम अपुग भएको कारण गत वर्षको मौज्दात शिर्षकमा रहेको रकमबाट रु २००००००।- विपद् कोषमा राख्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा भवानी बहुउद्धेश्यीय कृषि फर्म प्रा.लि.ले यस नगरपालिकाको वडा नं. ५ मा ठूलो क्षेत्रफलमा विभिन्न उद्देश्य सहित कफि विरुवाहरु लगाई व्यवसायीक कफी खेती गरिरहेको र थप व्यवस्थित गर्नको लागि नगरपालिकाबाट अनुदान पाउँ भनि प्रस्ताव पेश गरेको सन्दर्भमा छलफल भयो । उक्त विषयमा नगरपालिकाको कृषि अनुदान वितरण कार्यविधि २०७९ मा भएको व्यवस्था बमोजिम कार्यविधिले तोकेका इन्डिकेटरहरु पुरा गरेमा कृषि शाखाको सिफारिस बमोजिम चालु आ.व.को आर्थिक विकास तर्फ नगर प्रमुख कृषि कार्यक्रम शिर्षकमा रहेको रकम मध्येबाट रु ५०००००।- उक्त फमलाई अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा एघारौ नगरसभा तथा कार्यपालिका बैठकबाट विभिन्न योजना तथा कार्यक्रमको लागि वजेट विनियोजन भएकोमा उक्त योजना तथा कार्यक्रमहरु मध्ये निम्न बमोजिमका योजना तथा कार्यक्रमहरु संसोधन गर्नु पर्ने भएकोले संसोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| एघारौ नगरसभा तथा का.पा बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| सडक वत्ति जडान शिनपा ४ (२०७९/९/२१ गतेको का.पा) | ५०००० | प्रतिक्षालय निर्माण कोप्चेवास शिनपा ४ | ५०००० | गत मौज्दात/आ |
| विभिन्न सिंचाइ निर्माण तथा मर्मत सुधार (१०३/१) | १०००००० | विभिन्न सिंचाई योजना मर्मत सुधार पाईप खरिद | १०००००० | गत मौज्दात/आ |
| खर्क देखि तुसारे मो.वा. (/२०७९/९/२१) | २००००० | पोखी देखि तुसारे मो.वा. | २००००० | गत मौज्दात/आ |

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा साना उद्योग विकास कार्यक्रम सम्बन्धि कार्यविधि २०७९ आजको बैठकमा पेश भई छलफल भयो । उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ९ को जनता आधारभुत विद्यालयबाट कक्षा ५ सम्म सञ्चालनको लागि अनुमती माग भई आएको सर्न्दभमा आगामी ३ वर्ष सम्म यस नगरपालिकाको

प्रमुख प्रशासकीय अधिकृत

कुनै दायित्व नहुने गरी जनता आधारभुत विद्यालय शिनपा ९ लाई कक्षा ५ सञ्चालनको लागि अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. १० (क)**

प्रस्ताव नं. १० (क) माथि छलफल गर्दा तपशिल बमोजिमको कार्यको लागि गत वर्षको मौज्दात रकमबाट वजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

१. प्राथमिक स्वास्थ्य केन्द्र ठाडा रङ्गरोगन र वायरिङ्ग कार्यको लागि रु २५००००।- (आन्तरिक/मौज्दात)

२. शिनपाको डिही सिसावगर बोक्सेचौर क्षेत्रको विद्युतिकरण कार्यको लागि रु १५००००।- (आन्तरिक/मौ)

**निर्णय नं. १० (ख)**

प्रस्ताव नं. १० (ख) माथि छलफल गर्दा एघारौं नगरसभाबाट युवा उद्यमिसँग उप-मेयर कार्यक्रम शिर्षकमा विनियोजित रु १० लाख, उप-मेयर सामाजिक विकास कार्यक्रम शिर्षकमा विनियोजित रु १५ लाख, दिदि-बहिनीसँग उप-प्रमुख कार्यक्रम शिर्षकमा विनियोजित रु २५ लाख, उप-मेयर पूर्वाधार विकास कार्यक्रम शिर्षकमा विनियोजित रु ४० लाख र आवाज विहिन नागरिकसँग उप-मेयर कार्यक्रम शिर्षकमा विनियोजित रु १० लाख गरी जम्मा रु १ करोड मध्येबाट मिति २०७९/९/२१ गतेको बैठकबाट विनियोजन भई बचत रहेको रकमबाट तपशिल बमोजिमका योजना तथा कार्यक्रममा वजेट विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | योजनाको नाम | ठेगाना | रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | बरवोट पधेरो मर्मत | शिनपा ३ | १००००० | आन्तरिक/मौ/प्रदेश राजश्व |
| २ | पार्वती निमावि फिल्ड मर्मत | शिनपा १४ | १००००० | प्रदेश राजश्व |
| ३ | देउराली पाहारे खानेपानी मुहान सम्म सडक निर्माण | शिनपा १३ | १००००० | प्रदेश राजश्व |
| ४ | गहदे खानेपानी धारा निर्माण | शिनपा १० | १००००० | प्रदेश राजश्व |
| ५ | दिदि बहिनी समस्या संकलन अर्न्तक्रिया कार्यक्रम | शिनपा १३ | १००००० | प्रदेश राजश्व |
| ६ | सहकारी दिदि बहिनी अनुभव आदान प्रदान कार्यक्रम | शिनपा | १५०००० | प्रदेश राजश्व |
| ७ | मिडियासँग जनप्रतिनिधि संबाद/अर्न्तक्रिया कार्यक्रम | शिनपा | १००००० | प्रदेश राजश्व |
| ८ | सहिद वेपत्ता अपाङ्ग घाईतेको तथ्याङ्क संकलन अवस्था विश्लेषण पुर्नमिलन कार्यक्रम | शिनपा | १५०००० | प्रदेश राजश्व |
| ९ | खोल्टेपानी खानेपानी मुहान जाने बाटो निर्माण | शिनपा १३ | १००००० | प्रदेश राजश्व |
| १० | दलित महिला जातिय भेदभाव सम्वन्धि अर्न्तक्रिया कार्यक्रम | शिनपा | १००००० | प्रदेश राजश्व |
| ११ | एकल महिलाको लागि हिल टंकी वितरण (६० वर्ष माथिका) | शिनपा | २००००० | प्रदेश राजश्व |
| १२ | अगुवा किसानसंग अर्न्तक्रिया कार्यक्रम | शिनपा | ५०००० | प्रदेश राजश्व |

| | | | | |
|---|---|---|---|---|
| १३ | कलमकोट आ.वि.फिल्ड निर्माण | शिनपा ६ | १००००० | प्रदेश राजश्व |
| १४ | कानाचौर पहिरो व्यवस्थापन | शिनपा ९ | २००००० | प्रदेश राजश्व |
| | जम्मा | | १६५०००० | |

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा पावरा पिपरा चाकलचौडा सडक कालोपत्रेको कममा स्तरोन्नती भईरहेको अवस्थामा उक्त सडकको विचमा रहेका रुखहरु हटाउनु पर्ने भई आवश्यक प्रकृया अगाढी बढिरहेको अवस्थामा सो कार्यको लागि काठमाण्डौं जानु पर्ने भएकोले उक्त कार्य गर्न यस नगरपालिका वडा नं. १४ का वडा अध्यक्ष दामोदर न्यौपानेलाई पठाउने र सो कार्यमा लाग्ने खर्च नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा साविकमा जिल्ला स्वास्थ्य कार्यालय अ.खा.बाट वडा नं. ९ को लामिदमार स्वास्थ्य इकाईलाई प्राप्त भई सो इकाई मार्फत संचालनमा रहेको लु. १ भ ५९९ नम्बरको एम्बुलेन्सले मिति २०७९/१०/११ गते शिनपा ९ को ठाडखोला स्थानमा सोही वडाको ठाडखोला कालधारे वस्ने बिर बहादुर खत्रीलाई ठक्कर दिदा निजको मृत्यु भएकोले निजको परिवारलाई क्षतिपूर्ति बापत रु ५०००००।- गत आ.व.को मौज्दात रकमबाट प्रदान गर्ने निर्णय गरियो । साथै उक्त रकम तत्कालिन अवस्थामा स्वास्थ्य इकाई संचालक समितिका अध्यक्षले सरसापट गरी मृतकको श्रीमती सीता कुमारी खत्रीलाई बुझाएकोले नगरपालिकाले प्रदान गर्ने क्षतिपूर्ति बापतको उक्त रु ५०००००।- समितिका अध्यक्षलाई सोधभर्ना स्वरुप प्रदान गर्ने निर्णय गरियो ।

आजको बैठक सर्व सम्मत सम्पन्न गरियो ।